सर्वोच्च अदालत
काठमाडौं

# श्री सर्वोच्च अदालतको

## सूचना

## मिति : २०७७।०३।१७

विश्वमा महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को उच्च जोखिमको अवस्थालाई दृष्टिगत गरी संभावित संक्रमणबाट बच्न सर्वोच्च अदालतको मिति २०७६।१२।०७ मा बसेको पूर्ण बैठकले केही अत्यावश्यक सेवाबाहेक अन्य नियमित सेवाहरू बन्द र कामकारवाही स्थगन गर्ने निर्णय गरेकोमा सोमा समयानुकूल पुनरावलोकन तथा थपघटसहित व्यवस्थापन हुँदै आएको छ। तद्नुरूप विभिन्न मितिमा बसेका पूर्ण बैठकको निर्णयबाट २०७६।१२।०९ बाट गरिएको सेवा प्रवाह स्थगन तथा कामकारवाही बन्दको अवस्थालाई पुनरावलोकन गरी बन्दाबन्दीको अवधिमा पनि संक्रमणको रोकथाम तथा नियन्त्रणका उपयुक्त उपायहरू र स्वास्थ्य सुरक्षाका निर्धारित मापदण्डहरूको अवलम्बन गर्दै सर्वोच्च अदालतमा परेका पुनरावलोकनका निवेदन (RV), नेपाल सरकार निवेदक भएको मुद्दा दोहोऱ्याई पाऊँ भन्ने निवेदन (RI) तथा पुनरावेदनको अनुमतिको निवेदन (LE), विपक्षी झिकाउने आदेश भइनसकेका नेपाल सरकारको तर्फबाट परेका पुनरावेदन तथा साधक जाँचका लागि आएका मुद्दाको सुनुवाई, संवैधानिक इजलासमा पेस हुने रिट निवेदन (WC), मुद्दा (CC) को दर्ता, अन्य रिट दर्ता र सोको सुनुवाई, सम्बन्धित पक्ष वा कानून व्यवसायी उपस्थित हुनसक्ने अवस्थाका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनको कारवाही र सुनुवाई, दरपीठ आदेश उपरको निवेदन दर्ता र सोको सुनवाई, बन्दाबन्दीको अवधिमा दर्ता हुन आएका रिट निवेदनहरूको कारवाही र सुनुवाई, बन्दाबन्दीको अवधिभन्दा अगाडि नै दर्ता भई कारवाहीयुक्त अवस्थामा रहेका पक्ष वा कानून व्यवसायी उपस्थित हुन सक्ने अवस्थाका बन्दीप्रत्यक्षीकरणका निवेदनको सुनुवाई, कानून व्यवसायी मुकरर नभएका थुनामा रहेका व्यक्तिको वैतनिक कानून व्यवसायी मार्फत प्रतिनिधित्व हुने मुद्दाको सुनुवाई, नेपाल सरकार पुनरावेदक भएका मुद्दामा प्रत्यर्थी झिकाउने आदेश भई प्रतिवादीले म्याद गुजारी मिति २०७६।१२।०९ अगावै थाम्ने थमाउने अवधि व्यतित भएको अवस्थाका मुद्दाहरूको कारवाही र सुनुवाई, पक्ष तारिखमा नरहेका वा तारिख गुजारी मिति २०७६।१२।०९ भन्दा अगावै थाम्ने थमाउने म्याद समाप्त भएका कानून व्यवसायी मुकरर नभएका वा कानून व्यवसायीको उपस्थिति हुन सक्ने अवस्थाका मुद्दाहरूको कारवाही र सुनुवाई, मुद्दा मिलापत्र र मुद्दा फिर्ता, सर्वोच्च अदालतको वृहत पूर्ण इजलासको

रजिष्ट्रार

सर्वोच्च अदालत
काठमाडौं

मिति २०७७।०२।१५ को आदेशबमोजिमको सुविधा प्राप्त गर्ने कुरामा प्रतिकूल असर नपर्ने गरी सुरक्षासम्बन्धी मापदण्ड अपनाई पक्ष वा कानून व्यवसायी उपस्थित हुनसक्ने अवस्थाका मुद्दा तथा निवेदनहरूको दर्ता, कारवाही र सुनुवाईसम्बन्धी कार्यहरु हुँदै आएको व्यहोरा सबैमा विदितै छ।

यसप्रकार, बन्दाबन्दीको अवधिमा अदालतबाट सम्पादन हुने कामकारवाही र सेवा प्रवाहका सम्बन्धमा उपर्युक्तबमोजिमको कारवाही र सुनुवाई लगायतको व्यवस्थापन हुँदै आएकोमा उल्लेखित काम कारवाहीलाई निरन्तरता दिंदै संवैधानिक इजलासमा पेस हुने रिट निवेदन/ मुद्दाको दर्ता, कारवाही र सुनुवाईको कार्यसमेत गर्ने गरी व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ।

देवेन्द्र ढकाल
उपरजिस्ट्रार